# नेचासल्यान गाउपालिकाको ११ औं गाउँसभा बैठकमा उपाध्यक्ष श्री बिना राईद्वारा प्रस्तुत आर्थिक बर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम

नेचासल्यान गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नेचाबेतघारी, सोलुखुम्बु, प्रदेश नं. १
२०७९/३/३१

# नेचासल्यान गाउपालिका
# आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

स्लोगन

आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरु,

यो सम्मानित सभामा आगामी आ.व.०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेका छु। संविधान सभा मार्फत संविधान जारी गरि नेपाली जनताको चाहान अनुसार नेपालको संविधान, २०७२ जारी भई कार्यान्वयन भएको सातौं बर्षमा प्रवेश गरेको छ । सो संविधानबाट राष्ट्रियता, लोकतन्त्र, समाजबाद र संघियताको पूर्ण कार्यान्वयनका लागि ३ तहका सरकार क्रियाशिल रहेका छन् । विकेन्द्रिकरण मार्फत जन अधिकारको सम्मान जनमुखि सेवा प्रवाहका लागि तीनै तहको समन्वयमा नेपालमा पहिलो पटक संघियताको अभ्यासको ५ बर्ष पूरा भएको छ । तीन तहको सरकारको अवधारणा अनुसार तीनै तहका सरकारको आपसि समझदारी र सहकार्य परिपक्वता उन्मुख छ । घरघरमा जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारले पहिलो ५ बर्षे कार्यकाल पूरा गरि दोश्रो ५ बर्षे कार्यकालको अभिभारा सम्हाल्ने चरण शूरु भएको छ गाउँ गाउँमा सिंहदरबारको अवधारणालाई सार्थकता दिन स्थानीय सरकारले जिम्मेवार ढंगले काम गरिरहेका छ । ठूला ठूला आपत र प्राकृतिक बिपद्मा स्थानीय सरकारले खेलेको भुमिका उल्लेखनीय रहेको छ । देशभरीका स्थानीय सरकारहरुको समिक्षा गर्दा छिटपुट बाहेक जनताको बास्तविक नजिकको सरकारको रुपमा स्थानीय तहले जन उत्तरदायी कार्य सम्पादन गरेको तथ्यहरुले नै प्रमाणित गरिसकेका छन् ।

अहिले नेचासल्यान गाउँपालिकामा दिगो विकास र जनमैत्री सेवा प्रवाह गर्दै बृहत्तर विकासको दरिलो जग खडा गर्नु हामी निर्वाचित जनप्रतिनिधिकहरुको उत्तरदायित्व हो । अब हामी दत्तचित्त रही पालिकाको स्वर्णीम भविष्य निर्माणको लागी ५ बर्षे कार्यकालको यात्रामा छौं । अबको ५ बर्षे कार्यकालमा नेचासल्यान गाउँपालिकालाई विकास निर्माण, सेवा प्रवाह, शुसासन, जनताको जीवन स्तर उकास्न र शिक्षा क्षेत्रको स्तर बृद्धि, कृषि र घरेलु उद्योग स्थापनाको सहायताले आन्तरिक आयबृद्धिको हिसाबले नमुना पालिका निर्माणको महाअभियानमा होमिएका छौँ । यो पवित्र लक्ष्यको पुरिपुर्तीका लागि हामी सबैसँग हातेमालो गरेर अगाडी बढ्ने प्रण गर्दछौँ । विगत ५ बर्ष कार्यकालमा भएका राम्रा कामहरुको निरन्तरता र गलत कामहरुको फेहरिस्त जनता सामु ल्याउने उद्घोष गर्दछु ।

आदरणीय सभाध्यक्षज्यू, सभासदज्यूहरू,

अब हामी आर्थिक वर्ष २०७९/८० का लागि नीति कार्यक्रम तथा बजेटका प्राथमिकता तथा उद्देश्यहरु प्रस्तुत गर्न गईरहेका छौं ।

१. **प्राथमिकताहरु**

क) निर्वाहमुखि कृषि प्रणालीलाई ब्यवशायी मुलक कृषिमा रुपान्तरण गरि कृषि उत्पादन र उत्पाकत्व बढाई आत्मानिर्भरता र ब्यवशायीकता तर्फ उन्मुख गराई नेपालकै पहिलो कृषि पालिकाको रुपमा विकसित गरिने,

ख) भौतिक पूर्वाधारहरु अन्तर्गत पालिका भवन, वडाहरुको भवन,सडक स्तरोन्नती, पुलको डिपिआर, खानेपानी तथा ढल निर्माणका कार्यहरु थालनी गरि सम्पन्न गरिने

ग) शिक्षामा अधिकतम प्रविधिको प्रयोग गरि कक्षा कोठाहरुलाई डिजिटलाईज गर्ने, सबैको पहुँच स्थापना, गुणस्तरमा सुधार, अंग्रेजी माध्यम तथा बैकल्पिक शिक्षा माध्यमको प्रयोग गर्ने, प्राविधिक धारको शिक्षालाई बढवा दिई सिपमुलक जनशक्ति उत्पादन गरिने, सबै विद्यालयमा अनुगमन तथा मुल्यांकनका लागि एक कार्यदल गठन गरिने छ ।

घ) सम्भव भएसम्मका सेवा घरघरमा पुर्‍याउने गरि डेलिभरी गभरमेण्टको अवधारणा लागु गर्ने, सेवा प्रवाहमा सहजता अनुभुति हुने गरी, पारदर्शी, प्रविधी मैत्री, सरल र सहज पहुँच हुने बनाउने,

ङ) नागरिकको स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्ने चिकित्सक सहितको गुणस्तरी स्वास्थ्य सेवाको व्यवस्था गरि सम्भव भएसम्मको स्वास्थ्य सेवा घरघरमा पुगेर दिने,

घ) कृषि तथा पर्याय पर्यटनका लागि पुर्वाधार निर्माण गरि आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकशित गरिने छ

ङ) सडकको स्तरउन्नती गरि गुणस्तरीय र बाह्रै मास चल्ने सडक निर्माणका लागि पहल गरिने छ ।

च) शुद्ध खानेपानी पुर्‍याउन **एक घर एक धारा**को अवधारणा लागु गर्ने ,समान वितरण र उचित व्यवस्थापनका लागि मिटर प्रयोगको गरिने छ ।

छ) कार्यालयमा हेल्पडेस्क खडा गरि सेवा प्रवहलाई चुस्त बनाइने

उद्देश्यहरु :-

१) गाउँपालिका भित्र भौतिक पुर्वाधार निर्माणको कामलाई द्रुत गतिमा अगाडी बढाइने छ ।

२) गाउँपालिका क्षेत्र भित्र ५ बर्षे कार्यकालमा गरिने गौरबका आयोजनाहरुको सुचिकरण गरि डिपिआर निर्माणको काम तत्काल अगाडी बढाईने छ ।

३) कृषि तथा पशुपालनको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी कृषि सहकारी मार्फत यस क्षेत्रको विकासमा जोड दिई **कृषि एम्बुलेन्स** अवधारणा अघि सारिने छ ।

४) शिक्षालाई सिपसँग, सिपलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने किसिमका कार्यक्रमहरु अगाडी बढाउन प्रयास गरिने छ ।

५) पर्यटन क्षेत्रको विकास र विस्तारका लागि आवश्यक पुर्वाधार निर्माणको कार्यलाई अगाडी बढाईने छ ।

५) स्वास्थ्यको क्षेत्रमा जनतालाई प्रत्यक्ष अनुभूति हुने खालको सुधार तथा नविन प्रविधिको प्रयोग गरिने छ ।

६) संघ, प्रदेश, विभिन्न दात्तृ निकाय र संस्थाहरु संगको सम्बन्धलाई अझ प्रभावकारी बनाउन जोड दिइनेछ ।

७) युवा तथा वेरोजगारलाई सीपमुलक कार्यक्रम तथा सहुलियत कर्जा मार्फत रोजगार कार्यक्रमलाइ प्रभावकारी रुपले कार्यान्वयन गर्ने गरिनेछ ।

८) शारिरिक तथा मानसिक स्वास्थ्य सुधारका लागि खेलकुद, शारिरिक ब्यायाम, योग, ध्यानको अभ्यास गर्न उत्प्रेरित गरिने छ ।

९) सामुदायीक बनलाई आम्दानीको श्रोत बनाउन जडिबुटि खेति र संरक्षण गर्न सम्बन्धित उपभोक्ता समितीलाई प्रेरीत गराइने छ ।

आदरणीय सभाध्यक्षज्यू एवम् सभासदज्यूहरू,

अब हामी आर्थिक वर्ष २०७९/०८० मा राखिएको उद्देश्य कार्यान्वयन गर्दा अवलम्बन गरिने विशिष्टिकृत, क्षेत्रगत प्रमुख नीतिहरू तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**नीति तथा कार्यक्रमहरु**

संविधानले प्रदान गरेका नागरिक अधिकारहरुको पूर्ण प्रत्याभुति हुने गरि कार्यक्रम तथा बजेट निर्माण गरिने छ । गरिव, दलित, अल्पसंख्यक, सिमान्तकृत तथा वेरोजगारहरुको सूची तयार गरि लक्षित बर्गको आर्थिक स्तर उकास्ने किसिमका समाजबादि कार्यक्रम लागु गरिने छ । **सक्षम नागरिक, समुन्नत पालिका**को अभियानलाई बगाडी बनाईने छ ।

*शिक्षा*

१. गाउँ पालिकामा कृषि प्राविधिक शिक्षालय स्थापना गरि दक्ष कृषि जनशक्ति तयार गरिने छ । आधारभुत तह देखिकै पाठ्यक्रममा कृषि विषय समेट्ने गरि कार्यदल निर्माण गरि गृहकार्य अगाडी बढाइने छ ।

२. पालिका भित्रको उपयुक्त शिक्षालय छनौट गरि स्थानीय हावापानी सुहाउँदो कृषि उत्पादन सम्बन्धी, सम्बन्धित विश्वविद्यालयबाट अनुमति लिई विएससि एजि तहको पठनपाठन गराउन आवश्यक पहल गरिने छ ।

३. विद्यालयलाई भौतिक सुविधा सम्पन्न बनाउन, गुणस्तरीय शिक्षा प्रदान गर्न र विद्यार्थीहरुलाई छात्राबृत्तिको व्यवस्था गर्न विभिन्न गैह्रसरकारी संस्थासँग सहकार्य गरी समुचित प्रबन्ध गरिने छ ।

४. सामुदायीक विद्यालयको शैक्षिक गुणस्तरता बृद्धि गर्न यस बर्षलाई शैक्षिक सुधार बर्षको रुपमा कार्यक्रम सञ्चालन गरि आर्थिक बर्ष ०८०/८१ देखि **एक शिक्षक-एक ल्यापटप**को अवधारणा लागु गरिने छ ।

५. आगामि शैक्षिक सत्र देखि हरेक कक्षाहरुलाई प्रविधिमैत्री (डिजिटिलाईज) बनाईने छ । जसका लागि हरेक कक्षा कोठामा आधुनिक प्रोजेक्टर वा स्मार्ट बोर्डको प्रयोग गरिने छ भने शिक्षकहरुले अनिबार्य रुपमा ल्यापटमा powerpoint मार्फत शिक्षण सामाग्री तयार गरि शिक्षण गराउने ब्यवस्था मिलाईने छ ।

६. विद्यार्थीलाई विश्वबजारमा प्रतिस्प्रर्धि गर्न अग्रेजी भाषा आवश्यकता पर्ने भएकाले नमुनाका रुपमा केही विद्यालयको छनौट गरि अग्रेजी भाषा पठन पाठन गर्न विशेष शैक्षिक योजना लागु गरिने छ । साथै सबै विद्यालयमा यो योजना क्रमश लागु गरिने छ ।

७. प्रस्तावित बाहेकका माध्यमिक विद्यालयको कार्यालयमा अडियो/भिडियो सहितको सिसि क्यामेरा राखिने छ । जस्को मनिटरिङ सिधै गाउँपालिकाबाट गरिने छ । आविको लागि अनुगमन र सुपरिवेक्षण कार्यलाई तिब्रता दिई प्रविधियुक्त बनाउदै लगिने छ ।

८. हरेक विद्यालयमा विद्युतीय हाजिरिको ब्यवस्था गरि दैनिक हाजिरि अभिलेख सिधै गाउँपालिकाबाट मनिटरिङ हुने सफ्टवेरको ब्यवस्था गरि लागु गरिने छ ।

९. सबै सामुदायीक विद्यालयहरु मध्येबाट उत्कृष्ट अध्यापन गराउने, रचनात्मक, लगनशिल लगायतका मापदण्डमा आधारित रहेर मुल्यांकन गरि प्रधानाध्यपक/शिक्षकलाई प्रोत्साहन गर्न **टिचर अफ द मन्थ** कार्यक्रम संचालन गरि महिनाको एकजनालाई पुरस्कृत गरि गाउँपालिकाको वेभसाईडमा फोटो सहित अपडेट गराईने छ ।

१०. गाउँ पालिका भित्रका विद्यालयहरुमा अनिवार्य इन्टरनेटको पहुँच विस्तार गरि अनलाइन सिकाइ तथा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिदै लगिनेछ ।

११.विद्यालय भर्नाबाट बञ्चित बालबालिकाको पहिचान गरि सबै वडाका पदाधिकारी तथा विद्यालयहरु समेतले विद्यालय भर्ना हुनका लागि आवश्यक वातावरण बनाउनमा अविभावकहरुलाई प्रोत्साहित गर्ने कार्यमा सहयोग गर्ने तथा विद्यालय बिचमा नै छाड्ने प्रवृतिलाई निरुत्साहित गर्नेतर्फ विद्यालय, अविभावक तथा जनप्रतिनीधि समेतको समन्वयात्मक प्रयासलाई अगाडि बढाइने छ ।

१२.सामुदायीक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई बहुप्रतिभाशाली बनाउदै, बहुआयामिक ब्यक्तित्व निर्माण गर्ने हेतुले विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा जोड दिईने छ । खेलकुदबाट बालबालिकाहरुको शारीरिक र मानसिक विकास हुनुका साथै आत्मविश्वासमा समेत वृद्धि हुने भएकोले राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तथा अन्य खेलकुद गतिविधिलाई विद्यालयहरुसँगको समन्वय र सहकार्यबाट निरन्तरता दिइनेछ । पौडी तालिमका लागि दातृ सस्था संग समन्वय गरि स्विमिङपुल निर्माण गर्न पहल गरिने छ ।

१३. विद्यालयका प्रधानध्यापकसँग शिक्षाको गुणस्तर अभिबृद्धिका लागि कार्य सम्पादन करार सम्झौता गरिने छ ।

१४.सूचकाङ्कका आधारमा उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई प्रोत्साहन गर्न कार्य सम्पादन पुरस्कार र सम्मान प्रदान गरिनेछ ।

१५.प्रारम्भिक बाल विकासको लागि संघीय तथा प्रदेश सरकारको सहकार्यमा गुणस्तर सुधारका कार्यहरु कार्यान्वयनमा ल्याइनेछ ।

१६. गाउँपालिका र विद्यालयको समन्वयमा दिवा खाजा अर्गानिक स्वस्थ बर्धक बनाउने निति अबलम्बन गरिने छ ।

१७. विद्यालयमा स्वास्थ्य तथा सरसफाईयुक्त वातावरण निर्माण गरिनेछ साथै विद्यालयको पुनर्निर्माण तथा भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१८.शिक्षक तालिम, अभिमुखीकरण कार्य संचालन गर्नका लागि गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ।

१९.केन्द्र सरकार तथा प्रदेश सरकारको सहकार्यमा किशोरी छात्राहरुलाई नियमित रुपमा विद्यालयमा उपस्थित हुनको लागि प्रोत्साहित गरिने छ भने कटन जस्ता स्वदेशी सामाग्री प्रयोग गरि स्यानेटरी प्याड बनाउने तालिमको व्यवस्था तथा स्यानेटरी प्याड निर्माणमा अनुदान दिईने छ ।

२०. विद्यार्थीहरुको स्वास्थ्य मजबुद बनाउन खानपिनमा अधिकतम पोषण सन्तुलन मिलाउनका लागि पोषणविदहरुको सहायताले ठाउँ ठाउँमा पोषण शिविर सञ्चालन गरिने छ ।

२१.पाँच बर्ष भित्र गाउँपालिकालाई पुर्ण साक्षर घोषणा गरिने छ ।

२२. विपि संस्कृत मावि र संस्कृत विद्यापिठको स्तर उन्नति गरि पुर्वी नेपालकै उत्कृष्ट संस्कृत पाठशालाको रुपमा विकशित गरिने छ ।

२३. गौरिशंकर गुरुकुलको निरन्तरताको लागि समन्वयात्मक भूमिका निर्वाह गरि ज्योतिष विद्या समेत अध्ययन गर्ने शिक्षालयको रुपमा विकसित गरिने छ ।

२४. शैक्षिक क्यालेन्डरको व्यवस्थालाई निरन्तरता दिइने छ ।

२५.अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

२६.सोलुखुम्बुको शिक्षाको विकासका लागि सहयोगी भुमिका निर्बाह गरिने छ जसको लागि आवश्यक रकम विनियोजन गरिने छ ।

२७.संघीय सरकारबाट सञ्चालित ***पढदै कमाउदै कार्यक्रम*** मा सम्बन्धित विद्यालयसँग आवश्यक पर्ने श्रोत साधान र जिम्मेवारीको लागि साझेदारी र समन्वय गरिने छ ।

२८. प्रत्येक वडामा कम्तिमा एउटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न कार्यक्रम लागु गरिने छ ।

**कृषि तथा पशुपालन**

१) गाउँपालिका भित्रका खेतियोग्य जमिनको अवस्थाबारे विवरण तयार गर्न माटो परीक्षण गरी कुन जमिनमा कस्तो नगदेबालि लगाउन सकिन्छ ? बैज्ञानिक तथ्य साथ किसानलाई सिफारिस गरिनेछ ।

२) एक घर-एक केरसाबारि अवधारणा लागु गरि सबै प्रकारका तरकारी र फलफुल खेतिको विउ, बेर्ना र आवश्यक अनुदान उपलब्ध गराइनेछ । पालिकामा स्थानीय कृषि उत्पादन बृद्धि गर्दै पालिकाको नाकाहरुमा वैज्ञानिक कर प्रणालीद्वारा कृषि उपज र पशुजन्य आयातलाई क्रमशः न्युनिकरण र स्थानीय अर्गानिक उत्पादनमा आत्मानिर्भर कृषि तर्फ पालिकालाई अग्रसर गराईने छ ।

३) गाउँपालिका भित्र कृषि उत्पादन बृद्धि गर्न बाँझो जमिनको लगत तयार गरि निजि क्षेत्रलाई लिजमा दिएर खेति गर्नका लागि विषेश कृषि अनुदान कार्यक्रम ल्याईनेछ ।

४) प्याकेटको आयातित तेललाई प्रतिस्थापन गरि मानव स्वास्थ्य समेतलाई दृष्टिगत गरि एक बर्ष भित्रमा तोरीतेलमा आत्मनिर्भर बनाउन हरेकको करेशाबारिमा तोरी खेति गर्न प्रोत्साहन गरि तोरीको विउ निःशुल्क वितरण गरि प्राविधिक सहयोग समेत प्रदान गरिने छ भने तेल पेल्नको लागि आगामी बर्ष मिलको व्यवस्था गर्दै लगिने छ ।

५) कृषि बालिमा लाग्ने रोग किराहरुको रोकथाम तथा निदान र पशुचौपायाहरुमा लाग्ने रोगहरुको उपचारका लागि टोलटोलमा कृषि जेटिए र पशु चिकित्सक खटाईनेछ ।

६) कृषकहरुलाई खेति प्रविधिको बारेमा जानकारी गराउन कृषि प्राविधिकहरुलाई टोल टोलमा परिचालन गरिने छ ।

७) रसायनिक मललाई प्रतिस्थापन गर्दै जैविक/प्रांगरिक मलको सुनिश्चितता गर्न पशुपालन गर्ने कृषकहरुको गोठ सुधार कार्यक्रम लागु गरिने छ ।

८) कृषकहरुलाई कृषि अनुदानको समुचित प्रबन्ध गर्दै नगदेबालि खेतिलाई प्रोत्साहन गरिने छ ।

९) कृषिमा व्यवशायीक र आत्मानिर्भर बनाउन कागति, निबुवा, सुन्तला, अम्बा, किवि, ओखर, हाडे बदाम, एभोकार्डो जस्ता बहुबर्षिय नगदेबालिमा अनुदान दिई खेति हुने स्थानमा भण्डारणको लागि चिस्यान केन्द्र स्थापना गरी बजारीकणको सहजीकरण समेत गाउँपालिकाले गर्ने छ ।

१०. नेचासल्यान गाउँपालिका वडा नम्बर १ र ५ मा आलुचिस्यान भण्डारण केन्द्र क्रमस स्थापना गरिने छ ।

११) धान, गहुँ, जौं कोदो, फापर जस्ता परम्परागत खेतिबाट उत्पादन बढाउन उन्नत जातको विउविजन, प्रांगरिक मल लगायत आवश्यक प्राविधिक सहयोग गरि अर्गानिक उत्पादनलाई प्रोत्साहन गरिने छ ।

११) धान, गहुँ, कोदो, फापर जस्ता स्थानीय उत्पादनलाई स्वास्थ्यबर्धक खानेकुराको रुपमा प्रशोधन गरि प्याकेजिङ गर्नका लागि तालिम तथा प्राविधिक सहयोग क्रमशः उपलब्ध गराईने छ ।

१२) नगदे बालिको विशिष्टिकरण गरी प्रत्येक नगदेबालि समुह गठन गरी उक्त बालि बारे कृषकहरुलाई जानकारीमुलक तालिम दिई तीन वर्षभित्र मध्यमस्तरीय कृषि जनशक्ति तयार गरिने छ ।

१३) गाउँपालिका स्तरमा कृषि सहकारीको अवधारण लागु गरि सहकारी मार्फत कृषि कार्यक्रम गर्ने निती अबलम्बन गरिने छ । साथै प्रसोधन केन्द्रको स्थापना गरि उत्पादित फलफुललाई प्रशोधित गरि बजारीकरण गर्न आवश्यक व्यवस्था गरिने छ ।

१४) अहिलेको आधुनिक समयमा डिजिटल माध्यमबाट कृषि उपजको सहज विक्री वितरणको लागि छुट्टै ***हाटबजार मोबाईल एप्लिकेशन*** निर्माण गरि संचालन गरिने छ । जस्को सहायतताले तुरुन्तै कृषि उपजको विक्री पालिका भित्रै हुने छ । जस्तै : तुईन्टारमा आज पाकेको एक घरी केरा सो हाटबजार एप्लिकेशनमा राख्न साथ टुहुरे वा सिमखर्कको मान्छेले तत्काल किनेर सोही दिन उपभोग गर्न सक्ने छन् ।

१५) गाउँ पालिकालाई कागति र अकबरे खुर्सानीको पकेट क्षेत्रको रुपमा विकशित गरि नेचासल्यानलाई कागति र खुर्सानीको लागि प्रख्यात पालिकाको रुपमा चिनारी गराइने छ ।

१६) गाउँ पालिका क्षेत्रमा कृषि पेशामा उत्कृष्ट काम गर्ने कृषकहरुलाई तालिम र प्रोत्साहनको व्यवस्था गरिने छ । वर्षको अन्त्यमा हरेक वडाका २-२ जना गरी १० जना उत्कृष्ट कृषकहरुलाई **पालिका कृषि सम्मान**ले पुरस्कृत गरिने छ ।

१७) गाउँ पालिकामा कृषि तथा पशुपालनका क्षेत्रमा सहुलीयत पूर्ण ऋणका लागि राष्ट्रिय बाणिज्य बैंक, नेचा शाखा र अन्य बैंकहरुसँग सम्झौता गरि उपलब्ध गराईने छ ।

१८) कृषि उपजको विक्रीका लागि विहीबारे तथा बुधबारेमा व्यवस्थित कृषि बजार निर्माणको लागि डिपिआर तयार गरि कृषि हाट बजार निर्माणको काम अगाडी बढाइने छ ।

१९) गाउँ पालिकालाई माछा र मासुमा आत्मा निर्भर बनाउन स्थानीय तह, प्रदेश र केन्द्र सरकारसँगको समन्वयमा माछापलन, भेडा, राँगा,बाखा, बंगुर, कुखुरा र कालिज फर्महरु संचालन गर्न अनुदानको ब्यवस्था गरिनेछ । मौरीपालन व्यवसायलाई थप व्यवस्थापन गरिने छ ।

२०) दुग्धजन्य उत्पादनलाई बृद्धि गर्न पशु नश्ल सुधार कार्यक्रम संचालन गर्दै उन्नत जातको भैसी, गाई, बाखा पालन कार्यक्रमलाई विस्तार गर्दै लगिने छ । गरिविको रेखामुनि रहेका कृषकहरुले व्यवशायीक गाई बाखा तथा भैसिपालन गर्न चाहेमा अनुदानको ब्यवस्था गरिने छ । कृषकहरुले उत्पादन गरेको दुध विक्रीका लागि कृषि एम्बुलेन्स प्रयोग गरि बजारसम्म पुर्याई सहकारी मार्फत ब्यापार सुनिश्चित गरिने छ । दुग्धजन्य कृयाकलाप संचालन गर्न छुट्टै दुग्ध सहकारी गठन गर्ने नीति अबलम्बन गरिने छ । दुग्ध विकास प्रशोधन तथा अनुसन्धान केन्द्र स्थापना गरि दुधबाट बन्ने परिकारहरु उत्पादन गरि बजारीकरणको व्यवस्थाको लागि पहल गरिने छ ।

२१) वर्षेनी हुने दैवी प्रकोपबाट किसानका बाली तथा पशुधनहरु समय समयमा नोक्सान भई आर्थिक रुपमा कृषकहरुले ठुलो क्षती व्यहोरी रहेकोले विभिन्न विमा कम्पनीहरुसँग समन्वय गरी कृषि बाली विमा तथा पशु विमा गर्नका लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।

२२) कृषिको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न, कृषि क्षेत्रमा रोजगार बढाउन आवश्यक रकम बिनियोजित गरी परिचालित गरिनेछ ।

२३) बेमौसमि खेतिलाई प्रबर्धन गर्न कृषकहरुलाई टनेल वितरण कार्यक्रमलाई प्राथमिक्तामा राखिने छ ।

२४) सिचाईको बैज्ञानिक ब्यवस्थापन गरि अर्गानिक कृषि उत्पादनको लागि कृषकहरुलाई प्रोत्साहित गरिन्छ ।

२५) मरिच, भुईकटहर, अदुवा, वेसार, चिया र कफि जस्ता नगदेबालि खेतिमा अनुदानको ब्यवस्था गरि उत्पादन बढाउन प्रेरित गरिने छ ।

२६) परम्परागत कृषिलाई यान्त्रीकरण गरी व्यवसायीक बनाउन विभिन्न वडाहरुमा लागत साझेदारीमा आधारित हाते ट्रयाक्टर, गहुँ कुट्ने मेसिन र मकै छोड्याने मेसिन वितरण गर्ने कार्यक्रम ल्याइनेछ ।

२७) बाँदर तथा जंगली जनावारबाट हुने क्षति न्यूनिकरणको लागि विज्ञसँग परामर्श गरि उचित निष्कर्ष निकालिने छ । साथै बादरलाई जंगलमै भुलाउनका लागी सामुदयीक बनहरुको समन्वयमा जंगलमा फलफुलका विरुवा रोपी monkey park को रुपमा विकसीत गरिने छ।

२८) गाउँपालिकालाई विषादीमुक्त क्षेत्र बनाउनका लागि बालिनालीमा कृषकहरुले प्रयोग गर्ने रसायनीक मल, किटनाशक औषधिहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ, जैवीक विषादी/वनस्पतिक विषादी प्रयोगलाई प्रोत्साहन गरिनेछ साथै जैविक झोलमल र प्रांगरिक मल उत्पादन केन्द्र निर्माणको लागि संभाब्यता अध्ययनको कार्यलाई अगाडी बढाइने छ ।

२९) पशुपालनमा लाग्ने लागत कम गरी उत्पादकत्व बृद्धि गर्नको लागि चरन क्षेत्र सुधार हिउँदे घाँस (जै, सुपर नेपियर आदि) को बिउ बितरण तथा स्थानिय स्तरमा नै बिउ उत्पादन गर्न पशुपालक कृषकहरुलाइ प्रोत्साहन गरिनेछ ।

३०) कृषि तथा पशुपालन ब्यावसायलाई प्रतिस्पर्धात्मक र उत्पादनमुलक बनाउनको लागि बिभिन्न प्रदर्शनी तथा प्रतियोगिताहरु संचालन गरिनेछ ।

३१) कृषकको क्षमता अभिबृद्धिको लागि पालिका स्तर तथा प्रदेश स्तरको तालिम केन्द्रसँग समन्वय गरी बिभिन्न तालिम तथा गोष्ठीहरु संचालनको व्यवस्था गरिनेछ ।

३२) पालिकालाई मौसमी तथा बहुबर्षे फलफुलमा आत्मनिर्भर बनाउन हरेक घरमा कम्तिमा ५ वटा बहुबर्षिय फलफुलका विरुवा वितरण गरिने छ । यसका लागि विभिन्न निकायसँगको समन्वयमा विरुवा उत्पादन नर्सरी खडा गरिने छ ।

३३) प्रत्येक वडामा साना सिचाई तथा कुलो निर्माण तथा व्यवस्थापन गरिने छ ।

३४) "*जनप्रतिनिधी तथा कृषि प्राविधिक किसानको माझ* "भन्ने कार्यक्रमको सुभारम्भ गरिने छ ।

३५) सुधारिएको मासुपसल तथा पशुबधशाला निर्माण गरिने छ । साथै पशु बधशाला तथा मासु पसलको जाँच ऐन निर्माण तथा प्रमाणिकरण गरि लागु गरिने छ ।

३६) *एक वडा एक कृषि प्राविधिक* कार्यक्रम सञ्चालन गरिने छ ।

३७) सदाबहार माटोमा खेल्ने इमान्दार कृषकको पहिचान गरि प्रोत्साहन र पुरस्कृत गरिने छ ।

*स्वास्थ्य*

१) सबै गाउँपालिकाबासीलाई स्वास्थ्य बिमा गराउने कामलाई निरन्तरता दिईनेछ । सबै स्वास्थ्य चौकीको गुणात्मक सुधार गर्दै सेवामुखी बनाइने छ ।

२) प्राथमिक स्वास्थ्य केन्द्र सल्यानलाई १५ बेडको आधारभुत अस्पतालमा रुपान्तरण गरि एम.डि.जि.पि. चिकित्सक ब्यवस्था गरि २४ सै घण्टा गुणस्तरीय सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको रुपमा विकसित गरिने छ भने नेचा सामुदायीक अस्पताललाई १५ बेडको अस्पतालको स्विकृति दिई एशिएन हेरिटेज फाउण्डेशनसँगको समन्वयमा कम्तिमा ५ बर्ष सम्म संयुक्त रुपमा सञ्चालन गरिने व्यवस्था मिलाइने छ ।

३) सुत्केरी, बृद्धबृद्धा र अपाङगता भएका व्यक्तीहरुलाई सहुलीयत दरमा एम्बुलेन्स सेवा उपलब्ध गराईने छ ।

४) ६८ वर्ष नाघेकालाई निशुल्क उपचार र ७० वर्ष नाघेका बृद्धबृद्धा र शारीरिक रुपमा अशक्त, अपाङगता भएका व्यक्ति, बालबालिका र गर्भवति महिलाहरुलाई घरघरमा पुगी नियमित मासिक स्वास्थ्य जाँचको व्यवस्थालाई निरन्तरता दिईने छ ।

५) गाउँपालिकाको स्वास्थ्य संस्थामा उपचार संभव नभएर काठमाण्डौं लैजानु पर्ने अवस्था भए हेलिकप्टर मार्फत राजधानी लैजानको लागि अन्तर गाउँपालिकाहरुको साझेदारीमा **हेलि एम्बुलेन्स** कार्यक्रम संचालन गर्नका लागि व्यवस्था गरिने छ । यसका निम्ती स्वास्थ्य उद्धार कोषको व्यवस्था गरिनेछ । तत्कालको लागि प्राथमिक स्वास्थ्य केन्द्र सल्यान र नेचा सामुदायीक अस्पतालमा आपतकालिन भ्याक्सिन (रेबिज र एण्टि भेनम) को ब्यवस्था गरिनेछ

६) "स्वस्थ्य नागरिक- समुन्नत पालिका" भन्ने मूल नाराका साथ नागरिकलाई सुरक्षित र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

७) संभावित महामारिको प्रभावलाई न्यूनीकरण गर्नको लागि र यसको सामना गर्न अक्सिजन सिलिन्डर, कन्सनट्रेटर तथा स्वास्थ्य सामग्री सहित स्वास्थ्य चौकीहरुलाई सुविधायुक्त वनाइनेछ । साथै अक्सीजन ल्पान्टको व्यवस्थापनको लागि पहल गरिने छ ।

८) सुत्केरी महिलालाई पोषणको आपुर्तीका लागि **कोशेली कार्यक्रम** संचालन गरिने छ भने सुत्केरीलाई नियमित स्वास्थ्य जाँच तथा उपचारसँगै थप सुविधाको व्यवस्था मिलाईने छ ।

९) बालबालिका, गर्भवती महिला र अन्य बिरामीहरुको स्वास्थ्य परीक्षणका लागि प्रत्येक आधारभुत स्वस्थ्य केन्द्रमा दाँत, आँखा, ल्याव, ई सि जि , भिडियो एक्सरे सेवा सहित चिकित्सकको टोलिबाट स्वास्थ्य परीक्षणको ब्यवस्था मिलाउन प्रयास गरिने छ ।

१०) गम्भीर तथा आपतकालिन अवस्थाका विरामीहरुलाई गाउँपालिकाको स्वास्थ्य उपचार कोषबाट सहयोग गरिने कार्यलाई निरन्तरता दिइने छ ।

११) संक्रमण तथा जोखिममा खटिने स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक, जेसीभि अपरेटरलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२) स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंम सेविकालाई पुनः ताजगी तालिमको व्यवस्था गरिने छ र प्राप्त गरिरहेको सुविधामा थप सुविधाको व्यवस्थाका निम्ति प्रयास गरिनेछ ।

१३) गाउँपालिकाभित्र रहेको निजी क्लिनिक र मेडिकल हलहरुबाट प्रदान गरिने सेवाहरुको गुणस्तरीयता सम्बन्धी अनुगमन गरिनेछ ।

१४) अस्पताल तथा बर्थिङ सेन्टरलाई व्यवस्थित गरि स्वस्थ्य सस्थामा नै सुत्केरी गराउनेको संख्या बढाउनका लागि प्रोत्सहान गर्ने नीति अवलम्बन गरि मातृ तथा नवजातशिशु स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ ।

१५) महिलाहरुमा हुने पाठेघरको क्यान्सर, स्तन क्यान्सरको निदान एवं उपचारको लागि सहज सुलभ बनाउन विशेष कार्यक्रम ल्याईने छ । प्रजनन स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन समुदायमा महिलाहरुको प्रजनन रुग्नता र समस्याहरुको पहिचान र व्यवस्थापनका लागि समुदाय स्तरमा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ र रिङ पेशरी राख्ने शिविर सञ्चालन गरिने छ ।

१६) राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत सन्चालन हुने नियमित खोप सेवा लगायत आगामी दिनमा सञ्चालन हुने कोभिड १९ को खोप अभियानलाई प्रभावकारी बनाइनेछ ।

१७) गाउँपालिका अन्तर्गतका अस्पताल तथा स्वास्थ्य चौकीहरुमा इन्टरनेटको व्यवस्था गरी स्वास्थ्य कर्मीहरुले विभिन्न विशेषज्ञहरुसँग प्रत्यक्ष परामर्श (टेलिमेडिसिन) गरी विशेषज्ञ सेवा प्रदान गरिनेछ ।

१८) नागरिकको स्वास्थ्यलाई मजबुत बनाउन योग, ध्यान र आध्यात्मिक कार्यक्रमलाई प्रोत्साहन गरिने छ । प्रत्येक अस्पातालमा फिजीयोथेरापि सेन्टरको व्यवस्थापनका लागि आवश्यक पहल गरिने छ ।

१९) अस्पताल, स्वास्थ्य चौकी तथा सामुदायीक स्वस्थ्य केन्द्रबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य, पोषण लागयतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामाग्रीको लागि आवश्यक बजेट व्यवस्था गरिने छ ।

२०. ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

२१) महामारी तथा प्रकोपजन्य रोगहरुको नियन्त्रणका लागि quick response team को अवधारणा लागु गरिने छ

२२) दीर्घरोगीहरुको पहिचान गरी नियमित औषधी आपूर्तिमा सहयोगको निती लिइने छ ।

**भौतिक पूर्वाधार विकास(भवन, सडक, यातायात)**

१) सडक ट्र्याक खोल्न तथा स्तरउन्नतीको लागि नयाँ अवधारणा लागु गरिने छ । गाउँपालिकाले निर्माण सम्बन्धिका आवश्यक नयाँ उपकरणहरु खरिद गरि पालिकाले नै सडकको विस्तार तथा स्तरोन्तती गर्दै लगिनेछ ।

२) प्रदेश तथा संघको समन्वय र साझेदारीमा गाउँपालिकाको सुविधा सम्पन्न प्रशासनिक भवनको निर्माणको काम अगाडी बढाईने छ । जग्गा ब्यवस्थापन गरि सभाहल सहितको सबै संरचना रहने गरि आधुनिक एकिकृत भवन निर्माण गरि पालिकाको कार्य सम्पदान गरिने छ ।

३) निर्माणधिन वडा कार्यलयको भवन गुणस्तर युक्त बनाउन तिब्रता दिई बाँकी वडाकोभवन निर्माणको व्यवस्था मिलाइने छ ।

४) प्रदेश र संघ सरकारसँग समन्वय गरि रमिते-तिङ्गला-बरबोट-टारी-फेदी-दोदी-छितापाताल-नेचाबतासे हुँदै विहीबारे सडक कालोपत्रेको कामलाई अगाडी बढाईने छ ।

५) गैरी हुँदै तुइन्टार सम्मको सडकको कालो पत्रेको लागि प्रदेश र संघसँग समन्वय गरि निर्माण गरिने छ ।

६) संघ तथा प्रदेश सरकारको समन्वयमा पत्ताले हलेसी दर्शन सडक, पत्ताले-गौरीटाप, टुहुरे-लेब्लु-सिमखर्क-आहाले-जिब्लि-मुलखर्क-केसरी फलाटे-खस्रे डाँडा -माम्खा, कालीबेसी हुदै हलेसी सम्मको पर्यटकीय धार्मिक सडक निर्माणको लागि पहल गरिने छ ।

७) ठाँटी डाँडा-कोदारे-बेसिगाउँ-झुसेबर हुँदै हावाओडार-तुईन्टार ट्र्याक ओपनको कार्य थालनि गरिने छ ।

८) सिमखर्क गुम्बा हुँदै तामाङ घुन्सा-चागुम-ख्याम्पु सडक जोडी रुँगा-चिप्लेढुंगा-गोगुनघारी सडक स्तरउन्नती गरिने छ ।

९) सिम्ले-खाल्ले-विसौनाटोल-सिंहदेविथान मन्दिर ट्र्याक ओपन गरिने छ ।

१०) नेचाविहीबारे आसपासमा सुविधा सम्पन्न बसपार्क निर्माण पहल गरिने छ ।

११) माथिल्लो खहरे, चुर्पुघाट, सिम्ले, जोर्ने घाट, ठुलढुंडा-ढोडेनी,कोदरेघाट, मसानघाट-रातागाउँ मोटरेबल पुल निर्माणको लागि अग्रसरता र पहल कदमि लिईने छ ।

१२) गाउँपालिकाभित्र रहेको सडकहरुको लगत कट्टा गरिने कार्यको थालनी गरिनेछ ।

१३) गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनहरुको विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा वैज्ञानिक दररेट कायम गरी लागू गरिने छ, सार्वजनिक यातायातमा विद्यार्थी र लक्षित बर्गको लागि छुट गराउने व्यवस्था मिलाईने छ ।

१४) अनुगमन सम्बन्धि उपभोक्ता समितिहरुको गुनासोलाई न्यूनीकरण गर्न र अनुगमनलाई अझ बढी प्रभावकारी बनाउन अनुगमन तालिका बमोजिम योजना अनुगमन संयन्त्रले प्रभावकारी अनुगमन गरि प्रतिवेदन पेश गरे पछि मात्रै भुक्तानीको प्रकृया अगाडी बढाइने छ ।

१५) अन्तरपालिका तथा अन्तरजिल्ला जोड्ने रणनितिक सडकहरुको पहिचान गरि निर्माणका लागि सम्बन्धित स्थानीय तह तथा प्रदेश र संघीय सरकारसँगको सहकार्यलाई बढावा दिईने छ ।

१६) बिहिबारे, ख्याम्पु, टुहरे, बरादी, सल्यान-ठाटीडाडा चौतारा, केउरेनी ठुलढुंगा थलाडाँडा सिम्ले, बेसीगाउँ तुइन्टार बिहिबारे, नेचासल्यान चक्रपथको अवधारण पुरा गर्न, सूचारु भएको सडकलाई सोही कायम गरि निर्माण गर्न बाँकी सडकलाई पुर्णता दिन डिपिआर निर्माण गरिने छ ।

१७) गाउँपालिका भित्रको चक्रपथमा चल्ने निजि क्षेत्रको साझेदारीमा सार्वजनिक यातायात संचालनको लागि पहल गरिने छ ।

**शहरी विकास**

१. मुख्य बजार क्षेत्रमा निर्माणहुने घर/कार्यालय तथा ब्यापारिक कम्प्लेक्सहरुलाई गाउँपालिकाको भवन निर्माण संहिताको मापदण्डमा रहेर मात्रै निर्माण अनुमति दिईने छ भने व्यवस्थित शहरीकरणलाई जोड दिईने छ ।

२. घरजग्गा नक्सापासलाइ अनिबार्य गरि गाउँपालिकाभित्र नयाँ घर निर्माण गर्दा ग्रामिण मौलिकता झल्किने खालको घरहरु बनाउन  प्रोत्साहित गरिनेछ ।

३. बजारोन्मुख स्थानहरुमा एकीकृत बस्ति विकास योजना तर्जुमाको लागि अध्ययन गरिनेछ ।

४. गाउँपालिका भित्रका विभिन्न स्थानहरु गौरीटाप, तिलपुङ, ख्याम्पु, नेचा गैरी, फुर्के झाँझरे जस्ता क्षेत्रमा Eco इको पार्क, पिकनिक स्थल र मनोरन्जन पार्कको रुपमा विकास गर्नको लागि डिपिआर तयार गरिनेछ ।

५. वैज्ञानिक घर ठेगाना प्रणाली (Metric Addressing System with Street Naming) को अवलम्बन गरी गाउँपालिकाभित्रका मुख्य सडक तथा गल्लीहरुको नामाकरण र घर संख्या (House Numbering) निर्धारण गर्न पहल गरिनेछ ।

६. गाउपालिका सडक गुरु योजना (MTMP) तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

७. गाउँपालिका क्षेत्रभित्र विभिन्न क्लब, महिला समूह, गुठी लगायत अन्य सामुदायिक भवनहरु निर्माणमा सहयोग गरिनेछ ।

८. गाउँ पालिका भित्रका सडकहरुको बर्गिकरण गरि उक्त सडकको रेखदेख र ब्यवस्थापनको जिम्मा टोलसुधार समितिहरुलाई दिईने छ ।

९. पालिकाका सडकहरुमा हरियाली कायाम गर्न सडकको छेउमा बहुबर्षे फल दिने प्रजाति (ओखर, एभोकाडो आदि) का विरुवाहरु रोपिने कार्यलाई क्रमशः अगाडी बढाईनेछ ।

१०) विहिबारे बजार, त्रिवेणी चोक बुधबारे बजार जस्ता ठाउँलाई बजारीकरण तथा शहरीकरण गर्दै सेवा सुविधयुक्त स्मार्ट भिलेजको रुपमा विकास गरिनेछ ।

११)अघिल्लो सरकारले सूरु गरेको भौतिक पुर्वाधार, र सामाजिक विकासका बहुबर्षिय आयोजनाहरुलाई निरन्तरता दिइनेछ ।

आदरणीय सभाध्यक्षज्यू,

**संस्कृति तथा पर्यटन**

१) कृषि र पर्याय पर्यटनको लागि आकर्षक पर्यटकीय गन्तब्यको रुपमा विकसित गरिनेछ ।

२) पालिकामा यस अघि खुलाईएको साइक्लिङ ट्रेललाई प्रबर्धन गर्न नेपाल पर्यटन बोर्ड, पर्यटन ब्यवशायी र निजी क्षेत्रसँग साझेदारी गरिने छ ।

३) पालिकाको झाँझरे क्षेत्रका हिमाल अवलोकन गर्ने ठाउँमा पर्यटकीय पुर्वाधार निर्माण गरि जंगल हाईकिंग, घोडसवारको व्यवस्था गरिने छ । सो क्षेत्रका गाउँमा होमस्टे संचालन गर्न प्रोत्साहान गरि आवश्यक व्यवस्था गरिने छ ।त्यसमा मौलिक खानाको प्रबर्धन मार्फत पर्यटकको आकर्षण बढाईनेछ ।

४) विभिन्न जात जातीहरुको भाषा धर्म, सस्कार सस्कृति भेषभुषाको जर्गेना गर्दै सांस्कृतिक पुरातात्विक संग्रहालय निर्माण गर्न पहल गरिने छ ।

५) पालिकाको उच्च भुभागमा चिडिया खाना सहितको जंगली रिसोर्ट निर्माणको संभाब्यता अध्ययन पश्चात डिपिआर निर्माण गरि निजि क्षेत्रलाई आयोजना निर्माणमा प्रोत्साहन गरिने छ ।

६) सामुदायीक तथा निजी तवरबाट निर्मित मठमन्दिर, भुमे, गुम्बा, देवालय लगायतका धार्मिक सम्पदाहरुको निर्माण, मर्मत तथा संरक्षणलाई प्राथमिक्ता दिईने छ ।

७) पर्यटन क्षेत्रका विज्ञ तथा सरोकारवालासँगको समन्वयमा हरेक गाउँमा होम स्टेको व्यवस्था र प्रबर्धन गरी आयमुलक व्यवसायको रुपमा विकास गरिनेछ ।

८) शैक्षिक पर्यटन, धार्मिक/सांस्कृतिक पर्यटनको यथोचित विकास गर्दै यस गाउँपालिकालाई अध्ययन केन्द्रको रुपमा विकास गरिनेछ ।

९) गाउँपालिकाको उपयुक्त स्थान छनौट गरी निजि-सरकारी लागत साझेदारीमा आधारित रहेर **जीपलाईन निर्माणको संभाब्यता अध्ययनको कार्य थालनी गरिने छ ।**

१०) गाउँपालिकामा विज्ञहरु सम्मिलित पर्यटन प्रवर्द्धन समिति (Toursism Promotion Committee) गठन गर्दै उक्त समितिलाई सशक्तरुपमा परिचालन गरी विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ यसका साथै दीर्घकालिन पर्यटन रणनीतिक योजना (Long term Tourism strategic plan) निर्माण गरि लागु गरिनेछ ।

११) आन्तरीक पर्यटन प्रवर्द्धन गर्न पालिका भित्र बसोबास गर्ने सबै जातजातीको चाडपर्व,कला र सस्कृतिलाई मध्यनजर गर्दै Festival आयोजना गरि आन्तरिक पर्यटनलाई बढवा दिइने छ । जसको लागि छिमेकी पालिका संग समन्वय गरिने छ ।

१२)पर्यटन प्रबर्द्धनका लागि लोपोन्मुख बेदवास जडिबुटी विरुवाको संरक्षण गर्ने कार्यलाई अगाडी बढाइने छ ।

१३) नेचासल्यानलाई केन्द्रमा राखेर छिमेकी पालिका संग समन्वयमा पर्यटन गतव्यहरु निर्माण तथा बजारीकरण गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।

१४)पर्यटकीय स्थलको संरक्षण संवर्द्धनलाई निरन्तरता दिइने छ ।

**खानेपानी तथा सरसफाई**

१) गाउँपालिका भित्रका पानीका मुहानहरुको पहिचान गरि हाल अव्यवस्थितरुपमा वितरण गरिएको योजनाको मुहान र ट्यांकीलाई एकिकृत गरि पीउने पानी दिर्घकालिन समाधान गरिने छ ।

२) गाउँपालिका भित्र स्वाच्छ खानेपानीको व्यवस्था गरि हरेकको घरमा नियमित आपूर्ति गरिने छ भने मिटर सिस्टम लागु गरिने छ ।

३) फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थानमा डम्पिङ साईड ब्यवस्थापन गरिने छ ।

४) गाउँपालिकालाइ सिसा वोतलमुक्त बनाई सफा र हराभरा पालिका निर्माणको अभियानलाई तिब्रता दिईने छ ।

५)विभिन्न वडाहरुको सार्वजनिक स्थानमा  ढल निकासको कार्यलाई प्राथमिकताका साथ व्यवस्थित गरिनेछ ।

६) स्थानीय समुदायसंगको सहकार्यमा पालिकाभित्रका खानेपानीका स्रोतहरुको अभिलेखीकरण गरी खानेपानी मुहान संरक्षण गर्न कार्यक्रम सञ्चालन गरिनेछ भने पुराना ढुंगेधारा र पधैँराहरुको संरक्षणका लागि ठोस योजना अगाडी सारिने छ ।

७) वजार क्षेत्रमा निर्माण भएका नीजि तथा व्यवसायिक भवनहरुको ढल निकासीका लागि सैफ्टी ट्याङक व्यवस्थित भए नभएको अनुगमन गर्न संयन्त्र निर्माण गरिनेछ भने सेफ्टी ट्याङक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

**फोहोरमैला व्यवस्थापन**

१) **"सफा र हरभरा गाउँ, नेचासल्यानको सान"** को अवधारणा लागु गर्न फोहोरमैलालाई आधुनिक प्रविधिबाट व्यवस्थापन गर्न एकीकृत स्रोत प्रशोधन केन्द्र (IRRC) स्थापनाका लागि स्रोत परिचालन तथा सहकार्यको कार्यलाइ निरन्तरता दिइनेछ ।

२) मुख्य बजार क्षेत्र (Core Market Area) को सरसफाई एवं सुन्दरता अभिवृद्धिका लागि पालिकाभित्रका सडक तथा बजारमा जडित तार तथा पोलहरूलाई व्यवस्थित गरिने छ। टोल सुधार समितिहरुको गठन एवं पुनर्गठन गरी ती समितिहरुसँगको सहकार्यमा टोललाई व्यवस्थित गर्ने गरी सरसफाईका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । फोहोरमैला व्यवस्थापनको लागि जनतासँगको लागत साझेदारीमा व्यवस्थापन कार्यक्रम अगाडी बढाइनेछ ।

३) पालिकामा फोहोरमैला व्यवस्थापन कोष खडा गरि सञ्चालन गरिनेछ ।

४) महिलाहरुको लागि पून:प्रयोग गर्न सकिने कपडाको स्यानिटरीप्याड र बच्चाहरुको लागि कटन डायपरको प्रयोगलाई प्रोत्साहन गरिने कार्यलाइ निरन्तरता दिइनेछ भने सेनिटरी प्याड तथा डाइपरको वितरणका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन ) कार्यविधि निर्माण गरि लागु गरिने छ ।

५) पालिका क्षेत्रमा प्लाष्टिकजन्य पदार्थको प्रयोगका लागि बर्जित गरिने छ भने कपडाको झोला प्रयोगका लागि प्रोत्साहन गरिनेछ ।

६) व्यवसायिक रुपमा स्थापना गरिएका पशुपंक्षी जन्य खोरहरुबाट निस्कने फोहर मैलाबाट फैलन सक्ने दुर्गन्धबाट गाउँपालिकाको वातावरण प्रदुषणबाट बच्न त्यस्ता खोरहरु सडक तथा वस्तीहरुबाट कम्तिमा २०० मिटर टाढा राख्ने नीति अवलम्वन गरिनेछ ।

**ऊर्जा तथा सिँचाइ**

१) नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरि प्रत्येक नागरिकको घरघरमा बत्ती पुर्याई उज्यालो नेचासल्यान बनाउने र यस गाउँपालिका अन्तर्गत निर्माण भएका आयोजनाहरु ठुलो जलविद्युत आयोजनाले प्रभावित पर्ने भएकाले सम्बन्धित आयोजना संग क्षतिपुर्ति असुल गराउनको लागि पहल गरिने छ ।

२) मुख्य ब्यापारिक केन्द्र विहीबारे बजार, सल्यान बुधबारे तथा मुख्य मुख्य सडक मार्ग र चोकहरुमा विद्युतीय सडक बत्ति राख्ने कार्यलाई विभिन्न निकायसँगको समन्वयमा अगाडी बढाईने छ ।

३) हरेक वडामा **एक घर एक विद्युतीय चुल्हो** वितरणको अवधारणलाई अघि सारिने छ ।

४) खेतिपाति गरिने क्षेत्रको जमिनमा सिंचाई सुविधा विस्तार गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । सिंचाइ प्रणालीको छनौट गर्दा यथासम्भव सवै वडा समेटिने, वाली विविधीकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिफल दिने खालका सिंचाइ प्रणाली छनौट गरिनेछ ।

**सूचना, सञ्चार तथा प्रविधि**

१) टेलिफोन नेटवर्क नपुगेका स्थानमा १ वर्षभित्र टावर निर्माण गरी फोर्जी ईन्टरनेट सेवा सहितको नेटवर्क विस्तार गरिने छ ।

२) हरेक वडा केन्द्र र सार्वजनिक मुख्य स्थानमा फ्रि वाईफाई जोन बनाईनेछ ।

३) गाउँपालिकाबाट सम्पादन हुने काम वडाबाटै हुने गरि अनलाईन प्रणालिबाट सबै सेवा वडाबाटै प्रदान गरिनेछ ।

४) गाउँपालिका भित्रका सबै विद्यालय, स्वास्थ्य चौकी र प्रहरी युनिटहरुमा द्रुत गतिको ब्रोडब्याण्ड ईन्टरनेटको व्यवस्था गरिने छ । जसका लागि आवश्यक बजेट छुट्याईने छ ।

५) डिजिटल नेपाल फ्रेमवर्क २०७६ को प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक सेवालाई सरल, सहज, सुलभ र पारदर्शी बनाउने साथै कागजको प्रयोग क्रमशः कम गरिदैं लगिने छ ।

६) जिल्लामा सञ्चालनमा रहेका सञ्चारमाध्यमलाई आत्मानिर्भर र समृद्ध बनाउन विशेष प्याकेज सञ्चालन गरिनेछ

७) यस क्षेत्रका सञ्चारकर्मी र पत्रकारको ब्यवशायीक विकास र दक्षता अभिबृद्धिका लागि नियमित तालिमहरु सञ्चालन गरिनेछ ।

८) जनतालाई सूचनाको सहज पहुँच पुर्याउन, पारदर्शीता कायाम गर्दै शुसासन प्रबर्धनमा टेवा पुऱ्याउन सञ्चार माध्यम मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

९) जिल्लामा संचालित संचारमाध्यमहरुको दिगो संचालन गर्नका लागि गाउँपालिकाका गतिविधिलाई प्रबर्धन गर्ने संचारमाध्यमहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईने छ ।

१०)गाउँपालिकालाई प्रविधिमैत्री बनाउन सफ्टवयर, मोबाईल एप निर्माण गरि लागु गरिने छ ।

११) गाउँपालिकाको भिलेज प्रोफाइल बनाईने छ ।

**वन तथा वातावरण**

१) गाउँपालिकाका सबै सामुदायिक बनमा बैज्ञानिक बन ब्यवस्थापन योजना सञ्चालन गराउनका सामुदायीक बनहरुलाई प्रेरीत तथा समन्वय गरिने छ । पुराना तथा बढि आयु भएका रुखहरुको लिलाम बिक्रीको समुचित व्यवस्था गरी नाङ्गो ठाउँहरुमा ब्यापक मात्रामा बृक्षारोपण गरी यस पालिकालाई हराभरा गाउँपालिकाको रुपमा पहिचान दिलाइनेछ । जसले पर्याय पर्यटनको विकासमा ठोस योगदान पुग्नेछ ।

२) प्रदेश तथा संघिय सरकारको समन्वयमा कबुलियति बन विकास कार्यक्रम लागू गरी गरिबि हटाउन तथा आर्थिक गतिविधि बढाउन उपयोग गरिने छ ।

३) लोप हुन लागेका बन्यजन्तु तथा चराचुरुङ्गिको संरक्षण, जैविक विविधता र पारिस्थितिक प्रणालिको सन्तुलनका लागि छुट्टै विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४) गाउँपालिकाका कम्तिमा दुई वटा स्थानमा **ईको पार्क, चिलड्रेन पार्क र पिकनिक स्थलको विकास**को कार्य ठोस रुपमा अगाडी बढाइने छ ।

५) पालिका क्षेत्रमा विकास निर्माणका लागि आवश्यक IEE/EIA कार्यान्वयनका लागि वातावरण संरक्षण नियमावलीले दिएको क्षेत्राधिकारभित्र रही आवश्यक कानुन तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ

७) जलवायु परिवर्तन अनुकूलन कार्यक्रम तथा नवीकरणीय ऊर्जाको उत्पादन र प्रयोगलाई प्रोत्साहित गर्ने खालका कार्यक्रमहरू निजी तथा गैर-सरकारी क्षेत्रको संलग्लनतामा सञ्चालन गरिनेछ ।

८)गाउँपालिकाका सडकलाई हरियाली बनाउन हरेक सडकको छेउमा बहुबर्षे फलफुलका विरुवा(ओखर, एभोकाडो आदि) वृक्षारोपन कार्यलाई प्रोत्साहन गरिनेछ ।

९) गाउँपालिका र ग्रामीण विकास सस्थाको प्राविधिक सहयोगमा निर्माण भएको लापा लाई कार्यान्वयन गरिने छ।

## सुशासन तथा सेवा प्रवाह

१) गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान हुने सेवाहरुलाई सम्भव भएसम्म घरघरमै पुऱ्याइनेछ । **डेलिभरी सरकारको अवधारणा लागू गरी जन्मदर्ता, मृत्युदर्ता जस्ता व्यक्तिगत घटना दर्ताको सेवा घरघर पुगेर दिइनेछ ।** जस्ले गर्दा नागरिकहरुले घरमै वसेर सेवा लिन पाउनेछन् भने उक्त कार्यसम्पादनका लागि रोजगारी पनि सृजना हुने छ ।

२) गाउँपालिकाको कामकार्बाही, निर्णय, कार्यान्वयन प्रकृयाका साथमा आर्थिक कुराहरुको पारदर्शिताका लागि छुट्टै आधुनिक सफ्टवेर निर्माण गरि लागु गरिने छ ।

३) गाउँपालिकामा भएको र अध्यक्ष तथा उपाध्यक्षले सम्पादन गरेको संवेदनशील विषय बाहेक चौमासीक प्रगति विवरण वेभसाईट र मिडिया मार्फत सार्वजनिक गरिनेछ ।

४) हरेक चौमासिकमा नियमित रुपमा सार्वजनिक सुनुवाई, समाजिक परीक्षण र सार्वजनिक परीक्षण गरिनेछ ।

५) गुनासो सुन्ने तथा उजुरी लिने प्रकृयालाई प्रभावकारी बनाइने छ भने गाउँपालिकाको समग्र विकास निर्माण र सेवा प्रवाहको अनगुमनलाई प्रभावकारी बनाउन नागरिक समाजका संस्थाहरु मार्फत तेश्रो पक्षद्वारा अनुगमन ( Third party monitoring) गराउने व्यवस्था गरिनेछ । साथै विगतमा गाउँपालिकाबाट प्रवाहा भएका आर्थिक तथा पुर्वाधार विकास अन्यका लागि एक उच्च अनुगमन तथा मुल्याकंन समिती गठन गरि छानविन गरिने छ ।

६) गाउँपालिकाको समग्र कामकार्बाही र सेवा प्रवाहको प्रभावकारीताका लागि जिल्लाका एफ.एम. स्टेशनहरुबाट साप्ताहिक रुपमा ***जनतासँग जनप्रतिनिधि*** रेडियो कार्यक्रम संचालन गरिने छ ।

७) गाउँपालिकाबाट प्रावह हुने सेवालाई सरल र नागरिकमैत्री बनाउन छुट्टै हेल्पडेस्कको व्यवस्थापन गरिने छ भने उक्त डेस्कमा छुट्टै कार्यविधी बनाइ आवश्यक जनशक्ति व्यवस्थापन गरिने छ । जहाँ सेवाग्राहीसँगै हरेक फाँटमा डेस्कका कर्मचारी गएर सहजिकरण गरि द्रुत गतिमा कार्य सम्पादनको वातावरण सिर्जना गर्नेछन् ।

८) गाउँपालिकामा आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गर्न तथा कर्मचारीहरुको मनोवल उच्च राख्न, क्षमता विकास गर्नका लागि समयानुकुल प्रोत्साहन तथा पुनर्ताजकी तालिमहरुको व्यवस्था गरिनेछ साथै संगठन पुनर्संरचनाको कार्यलाई निरन्तरता दिइनेछ ।

९) सार्वजनिक सेवा प्रवाह हुने सबै कार्यालय र स्थानहरुमा सिसि क्यामेर जडान गरि पालिका बाटै मनिटरिङको व्यवस्था गरिने छ ।

## महिला, वालवालिका जेष्ठ नागरिक तथा अपांगतर्फ

### महिला

१) महिलाहरुलाई आर्थिक रुपमा सम्पन्न बनाउन महिला समुह, महिला सहकारी गठन गरि आय आर्जनका क्रियाकलापमा संलग्न गराईने छ भने बचतको बानी समेत विकास गरिने छ ।

२) हरेक महिलाहरुलाई आम्दानीसँग जोड्ने कार्यक्रम लागु गरिने छ ।

३) विपन्न तथा पछाडी परेका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तीकरण कार्यक्रमहरु गरिनेछ ।

४) परम्परागत सीपहरु भएका महिलाहरुको तथ्यांक संकलन गरि त्यस्ता सिपहरुको नयाँ पुस्तामा हस्तान्तरण गरिनेछ साथै आधुनिक सिपहरु सिकाई आत्मानिर्भर बनाईने छ ।

५) महिला सम्बन्धि संचालन गरिने सबै कार्यक्रमहरु महिला सहकारी गठन गरि सोही मार्फत परिचालन गरिनेछ ।

६) लैगिंक हिंसा अन्त्य गर्न सामाजिक संघ सस्था, शैक्षिक सस्था तथा सरकारी निकायसँग समन्वय तथा चेतनामुलक तथा आत्मरक्षाका कार्यक्रम सञ्चालन गरिने छ।

**बालबालिका**

१. बालबालिकाहरुको क्षमता प्रस्फुटित गराउनका लागि बालक्लब, बालसंजाल र किशोरी समुहहरु गठनगरि क्षमता अभिबृद्धि गर्ने खालको कार्यक्रम लागु गरिने छ ।

२. उमेर पुगेर पनि विद्यालय भर्ना नभएका बालबालिकालाई विद्यालय भर्ना गराउन पालिका समुदाय साझेदारीमा विशेष अभियान संचालन गरिने छ ।

३. छुट्टै कार्यविधी निर्माण गरि छोरी जन्मनासाथ रु.२ हजारको चेली बचत खाता खोल्ने कार्यक्रम लागु गरिने छ

**अपाङ्ग**

१) अपाङ्ग र असहाय ब्यक्तिहरुको समस्या र आवश्यक्ताको पहिचान गरि व्हिल चियर, बैशाखी जस्ता जीवनयापनमा सहज हुने सामागृ प्रदान गरिने छ ।

२) अपाङ्गता भएका व्यक्ति तथा असहायका ज्ञान एवं सीपहरुको प्रोफाईल बनाई अध्यावधिक गरिने छ ।

३) अपाङ्ग र असहाय ब्यक्तिहरुले अगाडी सारेका कृषि तथा लघु उद्यम सम्बन्धि परियोजनालाई अनुदान दिने ।

४) अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनलाई सहज बनाउन तथा उनीहरुको मनोबल उच्च राख्नका लागि सीपमुलक कार्यक्रम संचालन गर्नुका साथै अपाङ्गता भएका व्यक्तिहरुलाई समाजले हेर्ने दृष्टिकोणलाई सकरात्मक बनाउने खालका कार्यक्रमहरु लागु गरिनेछ ।

५) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ ।

**ज्येष्ठ नागरिक/सामाजिक सुरक्षा**

१. बृद्धभत्ता तथा अन्य सामाजिक सुरक्षा भत्तालाई थप सहज बनाउन बैंक तथा वित्तिय संस्थाहरुसँग सम्झौता गरी घरघरमै वितरणको व्यवस्था मिलाइने छ । साथै ७५ बर्ष माथिका जेष्ठ नागरिकहरुलाई तीर्थ यात्राको व्यवस्था गरिने छ ।

२. जेष्ठ नागरिकहरुसँग रहेको संस्कार, अनुभव, तथा सामाजिक व्यवहारलाई भावि युवा पुस्तामा अन्तर्क्रियाको माध्यमबाट हस्तान्तरण गर्न अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

३. दीर्घ रोग भएका बृद्धबृद्धालाई घरघरमै स्वास्थ्यजाँच तथा नेपाल सरकारले प्रदान गर्ने सबै प्रकारका औषधीहरु निशुल्क उपलब्ध गराइने छ ।

**विपद् व्यवस्थापन**

प्राकृतिक विपत्तिलाई कसैले टार्न नसके पनि यसको रोकथाम तथा संभावित क्षतिको न्युनिकरणका लागि तपशिल बमोजिमको निती अवलम्बन गरिने छ :

१) यस अघि पालिकाका कुन कुन ठाउँमा के कस्ता प्राकृतिक विपद आए भन्ने कुराको यकिन अभिलेख संकलन गरिने छ ।

२) ठाउँ अनुसारको संभावित प्राकृतिक विपदलाई मध्यनजर गरि विपदग्रस्त ठाउँहरुमा जनताले चिन्ने गरि विभिन्न संकेत चिन्हहरु खडा गरिने छ ।

३) विपद सम्बन्धि पुर्व सूचना दिने पुराना तथा नयाँ प्रविधि(साईरन, सिसि क्यामेर आदि) को अधिकतम प्रयोग गरिने छ ।

४) विपद पछि जनजीवनलाई सामान्य बनाउन तत्कालिन, मध्यकालिन र दिर्घकालिन कार्यबारे बालबालिका, महिला, ज्येष्ठ नागरिकलाई तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिने छ ।

५) विभिन्न विपद्हरुको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश, संघीय सरकारका निकाय तथा गैर-सरकारी संघ-संस्थासँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६) विपद्मा परेका व्यक्ति,परिवारलाई राहत दिन विपद् जोखिम व्यवस्थापन कोष खडा गरिने छ । सोही कोषबाट आवश्यक राहातको व्यवस्था मिलाइनेछ ।

७) जोखिम युक्त स्थलहरूको पहिचान गरी विपद्का बेला राहत र उद्धारका लागि खुला क्षेत्र(Open Space) समेतको व्यवस्था पहिचान गरी जोखिम न्यूनीकरणका लागि कार्यहरु कार्यान्वयन गरिदै लगिनेछ ।

८) गाउँप्रहरीहरुलाई विपत व्यवस्थापन तथा उद्दार सम्बन्धी तालिमको व्यवस्था गर्नुका साथै गाउँपालिका अन्तर्गत रहेको एम्बुलेन्स, तथा सवारी साधनलाई प्रभावकारी ढंगबाट विपत व्यवस्थापन र उद्दारका लागि परिचालन गरिनेछ ।

९) पालिका क्षेत्रमा रहेका क्याम्पस तथा विद्यालयमा रहेका युवा युवति तथा किशोर किशोरीहरुलाई विपद जोखिम न्युनिकरण सम्बन्धि तालिम दिएर स्वयंसेवी दस्ताको रुपमा तयार गरिने छ ।

**राजश्व तथा कर प्रशासन**

१. करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिदै पालिका भित्रका सबै खाले व्यवसाय( होटल, पसल, उद्योग, होमस्टे आदि) लाई पालिकामा सूचिकृत गराई करको दायरामा ल्याइनेछ । करको दायरा बढाउन जनचेतनामुलक र रणनैतिक कार्यक्रम तर्जुमा गरिने छ ।

२. पालिकाको दिगो आम्दानीको श्रोतहरुको पहिचान गरि करको दायरा बढाईने छ ।

३. राजश्व संकलन कार्यलाइ प्रविधि मैत्री वनाइनेछ ।

**न्यायिक समितिको क्षमता विकास तथा सामाजिक द्वन्द्ध व्यवस्थापनः**

१. विभिन्न कारणबाट सिर्जित सामाजिक विवाद, झगडा तथा द्वन्द्धलाई सामाजिक मेलमिलाप तथा न्यायिक समितिबाट निरुपन गरिनेछ ।

२ प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना तथा न्यायिक उपसमिति गठन गरी त्यहाँबाट विवाद निरुपन गरिनेछ ।

३.न्यायिक समितिलाई विवाद निरुपनको निम्ति इजलास कक्ष तथा भौतिक व्यवस्थापन गरिनेछ ।

४. न्यायिक समितिबाट भएका निर्णय तथा आदेशहरुको व्यवस्थित रुपमा अभिलेख राखिनेछ ।

५.न्यायिक समितिबाट सम्पादन गर्ने विवाद समाधानलाई मितव्ययी, पारदर्शी तथा विश्वासनीय बनाइनेछ ।

६.नैतिक शिक्षालाई प्रबर्द्धन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ। विभिन्न पम्लेट, पर्चा तथा पोस्टर सामग्रीहरु उत्पादन तथा वितरण गरिनेछ ।

७.सामाजिक विभेद, बहिस्कार र अन्याय गर्नेलाई निरुत्साहित तथा दण्डित गरिनेछ। सामाजिक अभियानकर्ताहरुलाई उत्साहित तथा पुरिस्कृत गर्ने कार्यकमको थालनी गरिनेछ ।

**रोजगारी**

१) वर्षमा कम्तिमा २०० जना युवालाई कुक, प्लम्बर, वाईरिङ, कृषि लगायत रोजगारमुलक तालिम दिई रोजगारी सृजना गरिनेछ जस्ले गर्दा ५ वर्षभित्र गाउँपालिकामा बेरोजगारी उन्मुलनको लागि प्रयास गरिनेछ ।

२) गाउँपालिका भित्रका वेरोजगारहरुको तथ्यांक संकलन गरिने छ । पालिका भित्र संचालित साना तथा ठूला परियोजनाहरुमा ति बेरोजगारहरुलाई प्राथमिकता दिने कार्यलाई सहजिकरण गरिनेछ ।

३) यस पालिकाभित्रका स्वरोजगार बन्न चाहने युवा , व्यवसायी तथा उद्यमीहरुलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउन राष्ट्रिय वाणिज्य वैक सँग सम्झौता गर्ने कार्य अगाडी बढाई युवा स्वरोजगारको सुनिश्चितता गरि विदेश पलायनलाई निरुसाहित गरिनेछ ।

४) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगार व्यक्तिहरुलाई निर्धारित मापदण्ड बमोजिम रोजगारी दिने कार्यलाई निरन्तरता दिइनेछ । साथै पालिका अन्तर्गत सबै वडामा बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन गरी बेरोजगार व्यक्तिको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अधावधिक गराइनेछ ।

**गैर-सरकारी संघ-संस्था**

१."विकासका लागि हातेमालो अभियान" सञ्चालन गर्न शिक्षा, स्वास्थ्य, पर्यटन, फोहोरमैला व्यवस्थापन लगायतका सामाजिक क्षेत्रहरूमा गैर-सरकारी संस्थाहरुसँग लागत् सहभागितामा आधारित कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

२. गाउँपालिकामा गैह्रसरकारी सस्था संग कार्य गर्नका लागि स्थानीय सरकार संग सहकार्य र सहमती लिएर मात्रै काम गर्ने व्यवस्था गरिने छ ।

**भूमि सुधार**

१. बाँझो जमिनलाई - भोको पेट सो सरह सम्झी जमीनलाई उर्बर बनाउन किसानलाई प्रेरीत गर्ने कार्यको थालनी गरिने छ ।

३.सरकारी सम्पत्तीको संरक्षण रेखदेख तथा अभिलेखीरण गरिने छ ।

**उद्योग**

१. स्व-उत्पादनमा आधारित उद्योगलाई प्रोत्साहन गर्न आन्तरिक लगानीकर्ता र बाह्य लगानीकर्ताको लगानी भित्रिने वातावरण तयार गरिनेछ भने यस्ता उद्योगहरुको स्थापना र सञ्चालनका लागि प्रोत्साहन गर्न सहजिकरण गर्नका लागि कर छुट लगायतका सुविधाहरु प्रदान गरिनेछ ।

२. साना तथा मझौला उद्योग जस्तैः चिया खेती, किवी प्रशोधन, आलु चिप्स / फ्रेन्चफ्राइ, गुराँस जुस, मिनरल वाटर, मत्स्य भूरा / माछ्रापालन आदिको प्रोत्साहनका लागि आवश्यक अनुदान सहयोग उपलव्ध गराइनेछ ।

३. उद्योग व्यवसायको प्रवर्द्धन र सुरक्षा निकायको समन्वयमा पूर्ण सुरक्षाको प्रत्याभूतिको वातावरण बनाउँदै नगरपालिकालाई उद्योग मैत्री गाउँपालिका (Industry Friendly Municipality) को रूपमा विकसित गरिने नीति कायमै राखिनेछ ।

४. पालिका क्षेत्रभित्र रहेका परम्परागत सीपहरु भाँडाकुडा, सिलाइ, छालाजुता लगायतका सीपहरुलाइ व्यवसायीकरण गरिने छ ।

६.विभिन्न गैह्रसरकारी निकायसँगको समन्वय र सहकार्यमा नयाँ उद्यमी विकास गरिने छ ।

**खेलकूद**

१)खेल मैदान नभएका प्रत्येक वडामा न्यूनतम एकवटा खेलमैदान हुने गरी खेलकूद मैदान निर्माण र निर्माण भएका खेल मैदानलाई स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ ।

२) परम्परागत खेलहरु भलिबल, डण्डिवियो, बाघचाल, कबड्डि, लगातयलाई संरक्षण र प्रबर्धन गरिने छ ।

३) विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरु आयोजना गरिने छ ।

४) संघ र प्रदेश सरकारको सहयोगमा पालिका भित्र एक वडा कवर्ड हल निर्माणको लागि पहल गरिने छ ।

५)गाउँपालिका स्तरीय गाउँ खेलकुद विकास समितीलाई सशक्त बनाइने छ ।

**वित्त तथा सहकारी**

१) बैंक तथा वित्तिय संस्थाको पहुँच नपुगेका बाँकी वडाहरुमा क्रमस त्यस्ता संस्थाको पहुँच पुर्याईने छ ।

२) पालिकामा कृषि विकास बैंकको शाखा कार्यालय पुनस्थापनाको पहल गरिने छ ।

४) सहकारीहरुसँगको सहकार्यमा आर्थिक सामाजिक विकासका क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछ साथै सहकारी डेस्क स्थापना गरी अनुगमन तथा नियमन गरिनेछ ।

५) सहकारीहरुको लेखा प्रणाली व्यवस्थीत गर्नका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

६) पालिकाको भौतिक संपत्तिको सुरक्षाको लागि विमा गर्ने प्रयोजनार्थ निर्जिवन कम्पनीहरु आकर्षित गरिने छ ।

**योजना, अनुगमन तथा मूल्याङ्कन**

१) गाउँपालिका भित्र रहेका संघीय तथा प्रदेश सरकारका निकाय, पालिका तथा गैर-सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजना साझेदारीमा गर्न सम्बन्धित निकायहरूसँग सहकार्य गरि अनुगमन तथा मुल्याकंन गरिने छ ।

२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्यका लागि टोल समितीलाई जिम्मेवारी बनाउने नीति अख्तियार गरिनेछ ।

**साझेदारी**

१) गाउँपालिकाको दीर्घकालिन आयस्रोत निर्माण हुने तथा राम्रो प्रतिफल प्राप्त हुने आयोजनाहरु आर्थिक साझेदारी गर्ने सरकारी तथा निजि बैकहरु, अन्य संघ-संस्थाहरुसंग ऋण, अनुदान तथा साझेदारीमा सञ्चालनमा ल्याईनेछ

२) सिमाना जोडिएका पालिकाहरुसँग समन्वय गरी बहुपालिका विकास साझेदारी (Multiple Palika Development Collaboration) कार्यक्रमलाई अगाडि बढाईनेछ ।

३) गाउँपालिका भित्र निर्माण तथा मर्मत हुने सडक, खानेपानी, ढल तथा अन्य पूर्वाधारका लागि यस गाउँपालिका र इच्छुक उपभोक्ता / अन्य निकायसँग ५०/५० प्रतिशत लागत साझेदारीलाई बढी प्राथमिकता दिईनेछ ।

**धर्म संस्कृति**

१) विभिन्न मठ मन्दिर गुम्बा तथा धार्मिकस्थलहरुको भौतिक पूर्वाधार मर्मत सम्भार एवं आवश्यक जिर्णोद्वार गरिनेछ । यसका लागि आवश्यकता पहिचान गरी बजेट उपलब्ध गराउने नीति लागू गरिनेछ ।

२) पालिका क्षेत्रभित्र रहेको सम्पूर्ण धर्म संस्कृति र संस्कारको जगेर्ना गर्न विशेष भूमिका निर्वाह गरिनेछ ।

३) फुर्के भ्यु टावरको निर्माण कार्यलाई क्रमश पुर्णता दिइने छ ।

आदरणीय सभाध्यक्षज्यू,

अन्त्यमा,

आगामी आ.व.का लागि प्रस्ताव गरिएका नीति कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनका लागि प्रशस्तै चुनौति रहेतापनि गाउँपालिकाका संरचनाहरुको संस्थागत क्षमता विकास तथा सरोकारवालाहरुको सहकार्य तथा समन्वय विकास गरी तोकिएको लक्ष्य प्राप्त गर्न सकिने आधारहरु रहेका छन । हामी निर्वाचित जनप्रतिनिधीहरु सबै खालको खर्चमा मितव्ययी बन्नेछौं ।

लक्ष्य प्राप्तिका लागि हामी सबैले लिने पहलकदमीबाट जनताले अनुभूत गर्ने सेवा प्रवाह तथा अपनत्व स्वीकार गर्न सक्ने वातावरण सृजना गर्न यो नीति तथा कार्यक्रम सफल हुने विश्वास गरिएको छ। नेचासल्यान गाउपालिकाको एघारौ गाउ सभा संचालनको क्रममा तोकिएको समयमा गाउँपालिकाको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दलका पदाधिकारीहरू, गाउँसभाका सदस्यहरू सबैका मार्गदर्शन हाम्रा लागि महत्वपूर्ण रहेका छन् । यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू, गैर-सरकारी संस्था, नागरिक समाज, सञ्चारकर्मी, जनप्रतिनिधि र सरोकारवाला सबै निकाय तथा व्यक्तिहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सभामा प्रस्तुत गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रमलाई सफल र प्रभावकारी रूपमा  कार्यान्वयन गर्न विनियोजन ऐन, २०७९ तथा आर्थिक ऐन, २०७९ लाई सम्मानित सभाबाट स्वीकृत गर्न प्रस्ताव गरेको छु । माथि प्रस्तावित निती तथा कार्यक्रम स्वीकृत भई सफलता पुर्वक कार्यन्वयन हुने छ भन्नेमा म पुर्ण रुपमा विस्वास्त छु ।

यस बजेटको सफल एव प्रभावकारी कार्यान्वर्यनका लागि सम्वद्ध सबै पक्षबाट सदा झैँ निरन्तर सहयोगको अपेक्षा गर्दै वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सक्रिय एवम् रचनात्मक सहयोग पुऱ्याउनु हुने सम्पूर्ण पालिकावासीहरूप्रति आभार व्यक्त गर्दछु। साथै बजेट, नीति तथा कार्यक्रम वाचन गरिरहेको क्षणमा यस गरिमामय सभामा उपस्थित सबै विशिष्ट महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जय नेचासल्यान

मिति २०७९ अषाढ ३१ गते ।